नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

**नेपाल बीमा प्राधिकरण**

**कुपण्डोल,ललितपुर ।**

**कृषि तथा पशुपन्छी बीमा क्षति मूल्यांङ्कनकर्ता रोष्टरमा सहभागी हुने बारेको सूचना ।**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल बीमा प्राधिकरणको समन्वयनमा निर्माण भएको कृषि तथा पशुपन्छी बीमाको रियल टाईम सफ्टवेयर मार्फत बीमा गर्ने कार्य सूचारू भैसकेको र कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९ को **दफा २८** अनुसार दुर्घटना बीमा बाहेक कृषि, पशुपन्छी तथा जडीबुटी बीमा दाबी अन्तर्गत पाँच लाख रुपैया बीमाङ्क रकम सम्मको क्षतिको मूल्यांङ्कन बीमक आफैले र सो भन्दा बढीको क्षतिको मुल्यांकन मूल्यांङ्कनकर्ताबाट गराउनु पर्ने व्यवस्था रहेकोले सोही निर्देशिकाको **दफा २९** वमोजिम देहायका योग्यता पुरा गरेको व्यक्ति वा संस्थालाई प्राधिकरणको url:http://alis.nia.gov.np मा गई खाता(account) बनाई सोफ्टवेयरको प्रणालीको रोस्टरमा सहभागी हुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।साथै, रोष्टरमा सहभागि भएका क्षतिमूल्यांकनकर्ताले मात्र सफ्टवेयर प्रणालीबाट कृषि तथा पशुपन्छी बीमाको क्षतिमूल्यांकनकर्ता भई कार्य गर्न पाउने व्यहोरा समेत जानकारी गरिन्छ।

**तपशीलः**

१. **व्यक्तिगत रुपमा क्षति मूल्यांङ्कनकर्ता भई कार्य गर्न देहाय वमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-**

क. नेपाली नागरिक,

ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वनस्पति वा पशुपन्छी समबन्धि विषयमा कम्तीमा दश जोड दुई वा प्रवीनता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ग. समिति वा समितिको स्वीकृति लिई बीमकले सञ्चालन गरेको क्षति मूल्याङ्कनकर्ता सम्वन्धी अनुसूची-८ वमोजिमको तालिममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको ।

२. **संस्थाको रुपमा क्षति मूल्यांङ्कनकर्ताको रुपमा कार्य गर्ने चाहेमा देहाय वमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-**

क. प्रचलित कानून बमोजिम दर्ता भएका कृषि कार्यसँग सम्बन्धित फर्म वा कम्पनी हुनुपर्ने,

ख. संस्थाको उदेश्यमा कृषि पशुपन्छी तथा जडिबुटी बीमाको क्षति मूल्याङ्कनकर्ता भई कार्य गर्ने भन्ने व्यवस्था उल्लेख हुनुपर्ने,

ग. संस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारी वा मुख्य व्यवस्थापक वा संस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्तिले बूदाँ नं.(१) वमोजिमको योग्यता पूरा गरेको हुनुपर्ने।

**सम्पर्क व्यक्तिः**

१. बीमा प्राधिकरणः फोन न. ९७७-१-५४२१०७९, ५४२८६०४, ५४३८७४३

२. दिपक ज्ञवालीः Extension नम्बरः ३२०

३. स्वतन्त्र डाँगीः Extension नम्बरः ३२३